# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फोन नं .०१६६१२१९३

कटुन्जे, भक्तपुर

३ नं.प्रदेश, नेपाल


प.स : शिक्षा/०७४/७५

च.नं.: १६५८

मिति: २०७४।१०।१८

**विषय : विषय विज्ञमा सुचिकृत हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त शिक्षक तथा कर्मचारीहरुको करार नियुक्ति गर्ने सूर्यविनायक नगरपालिकाको नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ५४ को उपनियम १घ को प्रयोजनका लागि यस नगरपालिका भित्रका तपसिलमा उल्लेख भए अनुसारको योग्यता पुगेका व्यक्तिहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र विज्ञका रुपमा सूचिकृत हुनका लागि आवेदन गर्ने हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१ सूर्यविनायक नगरपालिका क्षेत्र भित्र संचालित विद्यालयमा अध्यापनरत वा सेवा निवृत्त शिक्षक वा यस नगरपालिकामा स्थायी बसोबास गरी अन्यत्र सेवारत शिक्षक,प्राध्यापकहरु तथा राजपत्राङ्कित पदबाट सेवानिवृत्त शिक्षा सेवाका कर्मचारीहरु,

२ मादयमिक र निम्नमादयमिक तहको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर गरी माध्यमिक तहको स्थायी शिक्षक वा सेवा निवृत्त शिक्षक,

३ प्राथमिक तहको हकमा सम्बन्धित विषयमा स्नातक गरी निम्नमाध्यमिक तहको स्थायी शिक्षक वा सेवा निवृत्त शिक्षक ।

**संलग्न गर्नु पर्ने कागजातहरु :**

- माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- नियुक्ति पत्र वा सेवा निवृत्त पत्रको प्रतिलिपि,
- यस नगरपालिका भित्र स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

................

सविता दंगाल

शाखा अधिकृत